# युवा तथा खेलकुद बिकास समिति बेलका नगरपालिका
## नियमावलि-२०७४

**प्रस्तावना**

यस बेलका नगर कार्यपालिकाको कार्य क्षेत्र नेपालको संबिधानको अनुसुचि (८) बमोजिम स्थानिय सरकार संचालन ऐनको दफा-११ को उपदफा(४) को क(३) मा खेलकुदको बिकास गर्ने प्रर्बधन गर्ने यसै गरी (४) मा खेलकुदको प्रतियोगिता गर्ने,आयोजक र सहभागिता (५)मा खेदकुद सम्बन्धि पुर्बाधारको बिकास र (६)मा स्थानिय तहका पत्रपत्रिकाको दर्ता अभिलेख तथा नियमन गर्ने प्राबधान भएको छ । उपरोक्त कार्य सम्पादन गर्नको लागि यस बेलका नगरपालिकाले यस युवा तथा खेलकुद बिकास समितिको आवश्यक्ता महशुस गरी समिति गठन गरेको छ । यस युवा तथा खेलकुद बिकास समिति लाई प्रभाबकारी ढंगबाट परिचालन गरेर युवा क्षमता अभिबृद्धि गर्दै खेदकुदको समग्र बिकास गर्न यस युवा तथा खेलकुद बिकास समिति संचालन नियामवलि २०७५ जारि गरिएको छ ।

**१. नाम र प्राारम्भ -** यस समितिको नाम " युवा तथा खेलकुद बिकास समिति" बेलका नगरपालिका रहने छ । यो नियमावलि बेलका नगरपालिकाको नगर सभा बाट पास भए पछि तुरुन्त लागु हुने छ ।

**२.कार्यलय -** यस युवा तथा खेलकुद बिकास समितिको कार्यालय बेलका नगरपालिकाले ब्यबस्था गरे बमोजिमको स्थानमा रहने छ ।

**३.समिति-** भन्नाले युवा तथा खेलकुद बिकास समितिलाई जनाउने छ ।

- ✓ अध्यक्ष भन्नाले समितिको अध्यक्षलाई जनाउने छ ।
- ✓ उपाध्यक्ष भन्नले समितिको उपाध्यक्षलाई जनाउने छ ।
- ✓ सचिब भन्नाले समितिको सचिब लाई जनाउने छ ।
- ✓ कोषध्यक्ष भन्नाले समितिको कोषाध्यक्ष लाई जनाउने छ ।
- ✓ सदस्य भन्नाले  समितिको सदस्यहरु लाई जनाउने छ ।
- ✓ वडा समिति भन्नाले प्रत्यक वडामा गठित वडास्तरीय समितिलाई जनाउने छ ।

**४.कोष -**भन्नाले यस समितिले प्राप्त गरेको आम्दानि रकमहरु भन्ने बुझिन्छ ।
**५.कार्यालय -**भन्नाले युवा तथा खेलकुद बिकास समितिको नगरबाट तोकिएको कार्यालयलाई जनाउने छ ।

**परिच्छेद-२**

**१.गठन प्रकृया :-**यस बेलका नगरपालिकाको कार्यापालिकाको बैठकको निणर्य अनुसार युवा तथा खेलकुद समिति गठन हुने छ ।
**२. कार्य अबधि :-** सामान्यता यस समितिको कार्य अबधि ५ बर्षको हुनेछ ।तर बेलका नगरकार्यपालिकाले उचित कार्य देखाई कुनै पनि बेला समितिलााई भंग गर्न सक्ने छ ।

This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

३. कार्य समितिमा अध्यक्ष -१ उपाध्यक्ष-१सचिब -१,उप-सचिब -१,काषाध्यक्ष -१,गरी बढिमा २५ जना सम्मको समिति हुने छ ।

४.वडामा वाडास्तरीय समितिमा अध्यक्ष -१ उपाध्यक्ष-१सचिब -१, -१,काषाध्यक्ष -१,गरी बढिमा ११ जना सम्मको समिति हुने छ ।

## परिच्छेद - ३

कार्यसंचालन प्रकृया :-

१. बैठक - सामान्यता महिनामा एक पटक समितिको नियमिति बैठक बस्ने छ ।

२.अध्यक्षता -बैठकको अध्यक्षता समितिको अध्यक्ष ले गर्ने छ र बैठक संचालन समितिको सचिबले गर्ने छ ।

३.हरेक कार्यक्रमहरु बैठकको निणर्य अनुसार गनु पर्ने छ ।

४. नियमित कार्यलय संचालन गर्न आवश्यक कर्मचारीको ब्यबस्था आवश्यक्तानुसार हुन सक्ने छ ।

५.आवश्यक्ता अनुसार नगरकार्यपालिकाले सावारी साधन उपलब्ध गराउन सक्ने छ ।

६.समितिको प्रत्यक वडाहरुका वडा स्तरीय समिति गठन हुने छ ।

७.कार्यसमितिको पदाधिकारी सहित ९ जनाको सचिवालय गठन गरी कार्य सम्पादन गरीने छ, यसरी गरीएको निणर्य र काम पछि पुर्ण बैठक द्धरा अनुमोदन गराउनु पर्ने छ ।

८.समितिले सम्पादन गरेको कामहरुको चौमासिक प्रगति प्रतिबेदन तयार गनु पर्ने छ ।

## परिच्छेद -४

युवा तथा खेलकुद बिकास समितिको कार्यहरु :

१.खेलकुद क्षेत्रको सबै बिद्याहरुको बिकास,बिस्तार र प्रर्बधन गर्ने ।

२.युवाहरुको अधिकार संरक्षण र सर्बधन गर्ने ।

३.युवाहरुको क्षमता आभिबृद्धि गर्ने ।

४.बिभिन्न गोष्टि,तालिम,सेमिनार को आयोजना गर्ने ।

५.स्वयमसेवी भावनाले बिपद परेको अबस्थामा राहात,पुर्नस्थपना कार्यहरु गर्ने ।

६.लागु पदार्थ दुब्यसनि बिरुद्ध क्रियाकलापहरु संचालन गर्ने ।

७.खेलाडिहरुको परिचय पत्रको ब्यबस्थापन गर्ने ।

८.खेलाडिहरुको मापडण्ड तयार गरी बिमाको ब्यबस्थ ागर्ने ।

९.राष्ट्यि, अन्तराष्ट्यि, प्रदेश स्तरको बिभिन्न प्रतियोगिताहरुमा सहभागि गराउने ।

This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

१०.खेलकुदको लागि बिभिन्न प्रकारको भौतिक संरचना निर्माण गर्ने ।

११.भौतिक संरचनाहरुको संरक्षण । सर्बधन गर्ने ।

१२.बिद्यालय र घर स्तरबाट नै खेदकुदको बिकासको पहल गर्ने ।

१३.खेलाडिहरु लाई प्रोत्साहन गर्न बिभिन्न पुस्कारको ब्यबस्थ ागर्ने ।

१४.युवा स्वरोजगारको लागि रोजगारमुलक कार्य गर्ने ।

१५.वडा स्तरको खेलाडिहरु लाई नेतृत्व बिकास गर्ने ।

१७.वडा स्तरमा समितिहरु बिस्तार गर्ने ।

१८.अपाङ्गहरुको लागि पनि खेदकुदको बिकास गर्ने ।

१९.बिषयगत, क्षेत्रगत शाखाहरु स्थपना र परिचालन गर्ने ।

२०.नगरसभा र तथा नगरकार्यपालिकाले बिनियोजन गरेको बजेड शिर्षगत रुपमा नियमानुसार समितिको कोषमा जम्मा गरिने छ । त्यसको फरफराकको जिम्मेवारी समिति स्वयमको हुनेछ ।

२१.कोषको परिचालन अध्यक्ष लगायत समितिले तोकेको अन्य २ जना गरी जम्मा ३ जनाको संयुक्त दस्ताखतमा संचालन गरिने छ ।

## परिच्छेद - ५

युवा तथा खेलकुद बिकास समितिको पदाधिकारी तथा सदस्यहरुको मापडण्ड :

१.खेलकुद क्षेत्रमा लागेर ख्याति प्राप्त खेलाडि भएको ।
२.४० बर्ष ननाघेको ।
३. कम्तिमा ३३% महिलाहरु समितिमा रहनु पर्ने छ ।
४.बेलका नगर स्थायि बसोबास गरेको हुनु पर्ा छ ।
५.नेपालि नागरीक हुनु पर्ने छ ।
६.फौजदारी तथा कुनै पनि भ्रष्टाचारको अभियोग नलागेको र प्रमाणित नभएको ।
७.उच्च नैतिक आचरण भएको ।

## परिच्छेद-६

बचाउ तथा खारेजि :

१. यो नियमावलि लाई समय सापेक्ष परिमार्जन र नबिकरण गर्न सकिने छ ।
२. यस नियमावलिको अन्तिम ब्यख्या नगरकार्यपालिकाले गर्ने छ ।

**समाप्त**

This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm